विहादी गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

वहाकीठाँटी, पर्वत

## नदीजन्य पदार्थको बिक्रीका लागि सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

(तेस्रो पटक प्रकाशित मिति:२०७९।०९।०६)

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२क. को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र , आ.व. २०७७/०७८ को करचुक्ता प्रमाणपत्र, ठेक्का कार्य गर्न जारी नविकरण भएको इजाजत पत्रको प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही सिलबन्दी दरभाउपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| सि.नं. | ठेक्का नं. | बगर तथा नदी क्षेत्र | उत्खनन् हुने अधिकतम परिमाण (घन मिटर) | न्युनतम कबोल रकम (कर बाहेक) | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १. | OBRM/PAR/SQ/01/079/80 | गाइथुने बगर, वडा नं १ | ४२५ | ७८८०१.७५/- | १०००/- |
| २. | OBRM/PAR/SQ/02/079/80 | दुर्लाङ्ग बगर, वडा नं १ | ४५१४ | ८३६९६३.२५/- | १०००/- |
| ३. | OBRM/PAR/SQ/04/079/80 | छ्यांग कुमाल गाउँ बगर,वडा नं ३ | १३८६ | २५६९६२/- | १०००/- |
| ४. | OBRM/PAR/SQ/05/079/80 | जिगलिंग बगर,वडा नं ६ | १३८६ | २५६९६२/- | १०००/- |
| ५. | OBRM/PAR/SQ/06/079/80 | गोलाङ बगर, वडा नं ६ | ५७०२ | १०५७२१६/- | १०००/- |
| ६. | | जम्मा | १३४१३ | २४८६९०५/- | |

शर्तहरु:

१। दरभाउपत्र फारम खरिद गर्न विहादी गाउँपालिकाको प्रभु बैंक विहादी शाखामा रहेको खाता नं. GA 1.1 BIHADI GA PA ANTRIK RAJASHWO KHATA 1460114984600041 मा तपसिल अनुसारको दरभाउपत्र दस्तुर (ठेक्का अनुसारको) जम्मा गरेको सक्कल भौचर फिर्ता नहुने गरि पेश गरी यो सूचना प्रकाशित भएको मितिले ७ औ दिन सम्म कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।